आज मिति २०८०/१२/१६ गतेका दिन बागलुङ नगरपालिकाका नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा पोखरा महानगरपालिका वडा नं. ३१ माझिकुनामा बसेको नगरकार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

**उपस्थिति**

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |

**विषेश उपस्थिति**

| | | |
|---|---|---|
| | | श्री [illegible] शर्मा |
| | | श्री भिमसेन पन्त |
| | | श्री अनिता रेग्मी |
| | | श्री [illegible] थापा |

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा ।

२. बा.न.पा. वडा नं. १० भकुण्डे र वडा नं. ११ रायडाडामा ल्याव असिस्टेन्टको नियुक्ती सम्वन्धमा ।

३. राजश्व सफ्टवयरको User Id Creat गर्ने सम्वन्धमा ।

४. डोय पुरानो स्कुल आलेखर्क खेलमैदानको जग्गा सम्वन्धमा ।

५. मगर भाषा प्रशिक्षण कार्यक्रमको भुक्तानी सम्वन्धमा ।

६. धौलागिरी आँखा अस्पतालमा अत्याधुनिक मेशीन खरिदको लागि सहभागिता सम्वन्धमा ।

७. प्राविधिक कर्मचारीहरुलाई सवारी साधन र ल्याप्टप उपलब्ध गराउने सम्वन्धमा ।

८. स्वीमिङ पुल सहितको पार्क र फन पार्क निर्माणको लागि अध्ययन गर्ने सम्वन्धमा ।

९. कालिगण्डकी नदिको अवैध उत्खनन रोक्न अनुगमन गर्ने सम्वन्धमा ।

१०. गोदामघर र सानो जलविद्युत परियोजनाको ड्याम लिजमा लिने सम्वन्धमा ।

११. धारापानी शिवालय मालिका सडकको वारी खण्ड पक्की गर्ने सम्वन्धमा ।

१२. कुँडुले देखी पञ्चकोट सम्मको सडक मर्मत संभार सम्वन्धमा ।

१३. प्रदेश तथा संघका मन्त्रालय तथा विभागहरुमा योजना तथा कार्यक्रम माग गर्ने सम्वन्धमा ।

१४. आर्थिक सहायता सम्वन्धमा ।

१५. विविध सम्वन्धमा ।

**निणर्यहरु**

**निणर्य नं. १**

प्रस्तवा नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निणर्य नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. १० भकुण्डे र वडा नं. ११ रायडाडामा रहेका स्वास्थ्य संस्थाहरुमा ल्याव स्थापना गरिएको तर ल्याव असिस्टेन्टको नियुक्ती हुन नसकेको हुँदा संघीय सशर्त बजेट तथा कार्यक्रमबाट भुक्तानी गर्ने गरी ल्याव असिस्टेन्टको दरवन्दी सृजना गरी नियुक्ति प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निणर्य नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा १४ औ नगरसभाको निर्णय बमोजिम वडावासीको सुविस्ताको लागि वडा कार्यालयबाट राजश्व असुल गर्ने कार्य शुरु भएको, रावश्व असुलीको हिसावलाई पारदर्शी बनाउनको लागि

कर्मचारी अनुसारको User Id र Password छुट्टा छुट्टै Creat गर्नु पर्ने भएको हुँदा वडामा रहेका जनशक्ति, वडाको माग र आवश्यकता अनुसार राजश्व सफ्टवयरको User Id र Password राजश्व शाखा मार्फत वडा कार्यालयमा उपलब्ध गराउने निर्णय गरियो ।

**निणर्य नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बा.न.पा. वडा नं. ९ स्थित डोय पुरानो स्कुल आलेखर्क खेलमैदानको लागि जग्गा अपर्याप्त भएको हुँदा जिल्ला वन कार्यालय संग समन्वय गरी जग्गा उपलब्ध गराउने सम्वन्धमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निणर्य नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मगर भाषा प्रशिक्षण कार्यक्रमको लागि अन्य सस्था सहायता शिर्षकबाट रकम विनियोजन भै कार्यक्रम सम्पन्न गरी भुक्तानीको लागि पेश गरेकोमा उक्त शिर्षकमा रकम अभाव भएको हुँदा आकश्मिक योजना शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निणर्य नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ४ स्थित धौलागिरी आँखा अस्पतालका लाीग आँखा उपचारमा प्रयोग हुने अत्याधुनिक मेशीन खरिद गर्ने प्रयोजनार्थ स्थानीय तहबाट सहभागिता जनाउनु पर्ने रकम रु. १५,००,०००।- पन्ध्र लाख रुपैयाँ लायन्स क्लव अफ बागलुङ मार्फत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरुको कार्यसम्पादनमा सहजता ल्याउनको लागि यथासम्भव सवारी साधन र ल्याप्टप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ३ स्थित कदमबोटमा स्वीमिङ पुल सहितको पार्क र कैलाम पोखरीमा फन पार्क निर्माणको लागि वडा नं. ३ को कार्यालयबाट प्रस्ताव आएको हुँदा दुवै पार्कको सम्वन्धमा आवश्यक अध्ययन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस कालिगण्डकी नदिमा अवैध तरिकाले नदिजन्य पदार्थ उत्खनन भएको जनगुनासो आएको हुँदा सो सम्वन्धमा सवै निकाय वीचको समन्वयमा अनुगमन कार्यलाई तिव्रता दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ३ स्थित गोदामघर र सानो जलविद्युत परियोजनाको ड्याम लिजमा लिने सम्वन्धी प्रस्ताव वडा नं. ३ को कार्यालयबाट प्राप्त हुन आएकोले सो सम्वन्धमा नेपाल जलविद्युत प्राधिकरण र कृषि सामग्री कम्पनी लिमिटेड संग आवश्यक समन्वय गरी बाँकी प्रकृया अगाडि बढाउने निर्णय गरियो । ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ६ स्थित धारापानी शिवालय मालिका सडकको वारी खण्ड पक्की गर्न बाँकी रहेको हुँदा वजेटको पर्याप्तता आदीलाई मध्येनजर गरी प्राविधिक ल.ई. गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा कुँडुले देखी पञ्चकोट सडक वीच वीचमा विग्रेको हुँदा मर्मत गर्नु पर्ने भएकोले प्राविधिक ल.ई. गरी बजेट व्यवस्थाको लागि सम्वन्धित निकायहरुमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा आगामी आ.व.को लागि संघीय सरकार र प्रदेश सरकारमा बजेट निर्माणको प्रकृया शुरु हुन लागेको हुँदा यस नगरपालिकाका आवश्यकता र प्राथमिकताका योजनाहरुको सूची तयार गरी योजना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस कार्यालयमा आर्थिक सहायताको लागि पेश हुन आएका निवेदन सम्वन्धमा आवश्यक छलफल भै देहाय बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं | निवेदकको नामथर ठेगाना | प्रयोजन | रकम |
|---|---|---|---|
| १. | विद्यामन्दीर माध्यमिक विद्यालय | असहाय तथा जेहेन्दार विद्यार्थी सहयोग कल्याण कोष स्थापना | ५००००। |
| २. | बागलुङ एकता क्लव | प्रथम स्मृति कप २०८० फुटवल प्रतियोगिता | २००००। |
| ३. | दलित महिला शसक्तिकरण कार्यक्रम | कार्यक्रम संचालनको लागि नगरसभाको निर्णयानुसार | ५०००००। |
| ४. | सहयात्रा बागलुङ | महिला सशक्तिकरण कार्यक्रम | ५०००००। |